सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १९७ ♦ २०८१ साल फागुन १४ गते बुधवार ♦ 26 Feb 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## अनुसन्धान प्रक्रियालाई गुणस्तरीय बनाउन आधुनिक प्रविधिको अधिकतम उपयोग आवश्यक : मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, जनकपुरधाम**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले अपराध अनुसन्धान पद्धतिलाई गुणस्तरीय, प्रभावकारी र परिणाममुखी बनाउन आधुनिक प्रविधिको अधिकतम उपयोग गरिनुपर्ने बताएका छन् ।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग एवम् मधेश प्रहरी कार्यालय जनकपुरधाम द्वारा जनकपुरधाममा मंगलबार आयोजित अपराध अनुसन्धानसम्बन्धी समस्या र समाधान विषयक प्रदेशस्तरीय समीक्षा गोष्ठीमा उनले अपराध अनुसन्धानको सुक्ष्मता, सघनता, तीव्रता र तटस्थताबाट मात्र सही न्याय निरूपणका लागि ठोस तथा निश्चयात्मक आधार तय हुने हुँदा प्रहरीले अनुसन्धान पद्धतिलाई आवश्यकताअनुसार वैज्ञानिक बनाउँदै जानुपर्ने औंल्याए ।

उनले समयक्रमसँगै अपराधका प्रकृति र आयाममा बदलाव आउँदै गएको र यसले अनुसन्धान कार्यलाई निकै जटिल बनाएको हुँदा अनुसन्धान कार्यमा उपलब्ध प्रविधिको उपयोगबाट सही विश्लेषण प्राप्त हुनेगरी प्रहरी जनशक्तिलाई दक्ष बनाउनुपर्ने उल्लेख गरे ।

उनले अनुसन्धानमा चुक हुँदा निर्दोष व्यक्तिले सजाय पाउने तथा दोषीले उन्मुक्ति पाउने दुर्भाग्यपूर्ण अवस्था निम्तिने जोखिम रहेको भन्दै त्यस स्थितिबाट पार पाउन अपराध अनुसन्धानका लागि कानुन द्वारा निर्धारित नेपाल प्रहरीलाई थप सशक्त बनाउनुपर्ने बताए । मुख्यमन्त्री सिँहले भने, “प्रदेश सरकार प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउन प्रतिबद्ध छ ।”

शान्तिसुरक्षा तथा अमनचयन कायम गर्न नेपाल प्रहरीका लागि निर्धारित भूमिकालाई अझ बलियो, बिस्तारित र सक्षम बनाउन प्रदेश सरकारको संवैधानिक दायित्व नै भएको चर्चा गर्दै उनले मधेश प्रदेशका आठवटै जिल्लामा भइरहेका अपराधका अनुसन्धान प्रक्रियाका बारेमा गहन विमर्श गरी विद्यमान कमीकमजोरी हटाउन मजबुत प्रयास हुनुपर्ने बताए ।

उनले भने, “सबै जिल्लाका अपराधसम्बन्धी तथ्याङ्क एक ठाउँमा ल्याउनुस्, तिनमा भएका अनुसन्धानका सबै पाटा केलाउनुस् अनि प्रगतिमा देखिएका चुनौतीलाई सामना गर्न कार्यनीति बनाउनुस् । यसले प्रहरी संगठनको कार्य र छवि दुबै अब्बल हुनेछन् ।”

## मधेसका किसानले अनुदान पाउने



Photo : RSS

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, जनकपुरधाम**

मधेसका पशुपक्षीपालन गर्ने किसानले अनुदान पाउने भएका छन् । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको बर्दिबासस्थित आर्थिक करिडोर आयोजना कार्यालयले मधेसका एक सय ७९ किसान समूहलाई दुई अर्ब अनुदान उपलब्ध गराउने प्रक्रिया अन्तिम चरणमा पुगेको जनाएको छ ।

विश्व बैङ्कको आर्थिक सहयोगमा सञ्चालित यस कार्यक्रमले किसानलाई व्यावसायिक कृषि र उत्पादनमुखी कार्यमा अभिप्रेरित गर्ने उद्देश्यले अनुदान दिन लागिएको कार्यालय प्रमुख सुरेन्द्र यादवले जानकारी दिए । कार्यालयले प्रदेशका आठवटै जिल्लाका किसान समूह छनोट गरेको छ । ती किसान समूहमा पाँच हजारभन्दा बढी किसान आबद्ध रहेको कार्यालयका सूचना अधिकृत सन्तोष प्रकाशको भनाइ छ । छनोटमा परेका समूह र त्यसमा आबद्ध किसानको सङ्ख्या र प्रस्तावनाका प्रकृतिका आधारमा अनुदान र कम दिइने कार्यालयले जनाएको छ ।

रौतहटमा सबैभन्दा बढी रु ५५ करोड, सिरहामा ४०, सप्तरीमा ३१, महोत्तरीमा २६, धनुषामा २३, सर्लाहीमा १६, बारामा १४ र सबैभन्दा कम पर्सामा सात करोड करोड अनुदान दिइने छ । समूहले ल्याएका प्रस्तावमा सम्बन्धित समूहले कूल लागतको ५५ प्रतिशत र कार्यालयले ४५ प्रतिशत लगानी गर्नुपर्ने प्रावधान छ ।

प्रदेशभित्रका पूर्वपश्चिम र हुलाकी राजमार्गले छोएका ८४ स्थानीय तहमा उक्त कार्यक्रम सञ्चालित छ । साना उत्पादक र कृषि मूल्य शृङ्खलामा आबद्ध किसानबिचको बजार सम्बन्धको प्रवर्द्धन तथा उद्यमशीलता विकासका लागि सहयोगी वातावरण निर्माणमार्फत ग्रामीण उद्यम विकास गर्ने आयोजनाको मुख्य उद्देश्य छ ।

किसान समूहलाई दिइने अनुदानलाई कार्यालयले नवप्रवर्तन अनुदानको रूपमा परिभाषित गरेको छ । छनोट भएका समूह, संस्था र सहकारीमा आबद्ध लाभग्राहीले प्रगति प्रतिवेदन पेस गरेपछि मात्र भुक्तानी प्रक्रिया अघि बढ्ने हुँदा अपेक्षित परिणाम प्राप्त हुने कार्यालयको ठम्याइ छ । अनुदान चार किस्तामा दिइने र त्यसअघिको प्रगति विवरण प्रतिवेदन अनिवार्य हुँदा किसानले कामको परिणाम देखाउनै पर्ने प्रावधान छ ।

छनोट भएका किसान समूहले पक्षीपालन, बीउ वृद्धि, भैंसीपालन, दुध डेरी, बाख्रापालन, माछापालन र बङ्गुरपालका प्रस्तावना पेस गरेका छन् । जसमध्ये सहकारी तथा वस्तुगत संस्थाले पहिलो चरणको भुक्तानी लिएर काम सुरु गरिसकेको कार्यालयले जनाएको छ ।-रासस

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# महाशिवरात्रि: शिवको आराधना र जीवनको परिवर्तन




महाशिवरात्रि हिन्दू धर्मको एक प्रमुख पर्व हो जसले भगवान शिवको आराधना र भक्तिभावलाई समर्पित गरिएको हुन्छ। यो पर्व वर्षमा एक पटक फाल्गुन महिनाको कृष्ण पक्षको चतुर्दशीमा मनाइन्छ। महाशिवरात्रिको विशेषता र महत्त्व बोध गराउनका लागि यसले विभिन्न धार्मिक र सांस्कृतिक पक्षलाई समेटेको छ।

## महाशिवरात्रिको महत्व

महाशिवरात्रि केवल एक पर्व मात्र होइन, यो आत्माको ध्यान र शुद्धिकरणको अवसर पनि हो। यो रात भगवान शिवको अत्यधिक खास मानिन्छ, किनकि यस रातमा भक्तजनहरूले उपवास गर्दै र भगवान शिवको आराधना गर्छन्। यो पर्व भगवान शिवको अराजक जीवनमा आएको परिवर्तनको प्रतीकको रूपमा पनि मनाइन्छ।

## पौराणिक कथा

महाशिवरात्रिको महत्त्वका लागि विभिन्न पौराणिक कथाहरू छन्। एक प्रसिद्ध कथा अनुसार, यो रात भगवान शिव र देवी पार्वतीको विवाहको अवसर हो। भनिन्छ कि यस रात भगवान शिवले ताण्डव नृत्य गरेर सृष्टिलाई उत्प्रेरित गरे। अर्को कथा अनुसार, समुद्र मन्थन गर्दा निस्किएको विषलाई भगवान शिवले पिएर सृष्टिको रक्षा गरे। यसैले, भक्तजनहरूले शिवलिंगमा विशेष पूजा गर्न र भगवान शिवलाई श्रद्धासहित अर्पण गर्न महाशिवरात्रिको अवसरमा खानपानमा संयम राख्न महत्व दिइन्छ।

## पूजा विधि

महाशिवरात्रिमा भक्तजनहरूले विभिन्न आध्यात्मिक र धार्मिक क्रियाकलापहरूमा संलग्न हुन्छन्। पूजा विधिमा निम्नलिखित गतिविधिहरू समावेश छन्:

स्नान र शुद्धता: महाशिवरात्रिका दिन प्रातःकाल स्नान गरी पवित्रता कायम गर्न विशेष ध्यान दिईन्छ।

उपवास: यस दिन भक्तजनहरूले उपवास गर्ने परंपरा छ। उपवासले मन र शरीरलाई शुद्ध बनाउन सहयोग पुऱ्याउँछ।

**शिवलिंगको पूजा:** भक्तजनहरूले शिवलिंगमा दूध, जल, बेलपत्र, र फूल अर्पण गर्दै पूजा गर्छन्। शिवलिंगको चारवटा गोल बनाउने विशेष रिवाज पनि छ।

मन्त्र उच्चारण: "ओं नमः शिवाय" जस्ता मन्त्रहरूको उच्चारण गरिन्छ, जसले ध्यान र भक्ति बढाउँछ।

**जागरण:** महाशिवरात्रिमा रात्रिभर जागरण गर्दै भक्ति र भजन गाइन्छ। यसले भक्तजनको मनमा भगवान शिवप्रति गहिरो श्रद्धा जगाउँछ।

**निस्कर्ष**

महाशिवरात्रि केवल भगवान शिवको पूजा मात्र होइन, यो जीवनको परिवर्तन, आत्मविश्लेषण र आत्मिक प्रगतिको अवसर पनि हो। यो पर्वले हामीलाई भगवान शिवको शिक्षामा जीवनको सही मार्गनिर्देश गर्न सलाह दिन्छ।

# जलेश्वरनाथ मन्दिरमा महाशिवरात्रिको भव्य तयारी

**खबर दर्पण समाचारदाता**
**फागुन १३ गते, बर्दिवास**



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवको स्थापना 'जलेश्वरो महालिङ्ग रुद्रेन स्थापित स्वयम् लेखिएको जलेश्वरनाथ महादेव मन्दिरमा महाशिवरात्रिको पूजाको लागि भव्य तयारी गरिएको छ। नेपालीहरुको आराध्यदेव महादेवले स्वयं गर्नुभएको यस महालिंगको पूजाअर्चना र दर्शनका लागि यस महाशिवरात्रिमा विशेष तयारी भइरहेको महाशिवरात्रि समितिका पूजा समारोह समितिका अध्यक्ष जितेन्द्र साहले बताउनुभयो।

जमिनको सतहदेखि १६ सिँढी (भऱ्याङ) मुनि २४ घण्टा जलभित्र बिराजमान रहने बाबा जलेश्वर नाथ महादेवको पूजाअर्चना र दर्शनको लागि पूजा समितिले विशेष व्यवस्था मिलाएको छ। मन्दिरको प्राङ्गणमा रहेको महादेव, पार्वती, गणेश, हनुमानसहित अन्य सम्पूर्ण देवीदेवताको मन्दिर र सबै देवीदेवतालाई यसपटक विभिन्न रङले रङ्गरोगन गरिएको छभने चारैतिर रङ्गीचङ्गी तोरन र सजावटका सरसामानहरु लगाइएको छ। साथै, मन्दिरभरि विभिन्न आकर्षक बिजुलीबत्ती जडान गरिएको छ। बाबा जलेश्वरनाथ मन्दिरलाई दुलही झैँ सिङ्गार्ने काम तीव्र गतिमा भइ रहेको छ।

बाबाका मुख्य पुजारी उपेन्द्र पाठकका अनुसार जलेश्वरनाथ महादेव साक्षात महादेव हो। यहाँ चोखो मन, वचन र कर्मले आउने भक्तजनले बाबालाई मनको दृष्टिले प्रत्यक्ष दर्शन गर्न सक्छन्। महाशिवरात्रि मेलामा चौबिसै घण्टा जलेश्वरनाथ महादेव मन्दिरमै बिराजमान रहनुहुन्छ। बाबा जलेश्वरनाथको दर्शन एवं पूजा अर्चनाका लागि यस दिनमा राति १२ बजेपछि नै विशेष पूजा गरेर सर्वसाधारणका लागि पनि मन्दिर खुल्ला गरिन्छ।

बर्सेनि टाठाबाठाबाट आउने भक्तजनलाई यस मन्दिरमा भगवान् शिवको शिवलिङ्ग दर्शन र पूजाआजाका लागि विशेष दिनको प्रतीक्षा गर्नुपर्छ। यस मन्दिरभित्र करिब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन र पूजाआजा मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गरेका कारण भक्तजनको दर्शन पूजालाई मध्यनजर गर्दै यसपटक विभिन्न व्यवस्थाहरु गरिएको छ। मन्दिर तथा मन्दिरको ५०० मिटर टाढासम्म शिवभक्तिका गीतसङ्गीतले जलेश्वर गुञ्जायमान बनाइएको छ।

बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात् शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको वर्तमान पुजारी कामेश्वर पाठक बताउनुहुन्छ। यस मन्दिरमा महाशिवरात्रि र साउन महिनाको प्रत्येक सोमबार (साउनी मेलाभरि) र प्रत्येक महिनाको पहिलो सोमबारको दिन विशेष मेला लाग्ने गर्दछ र विशेष पूजाआजा र प्रत्यक्ष दर्शन हुने गरेको स्थानीय बासिन्दा रञ्जीत चौधरी बताउनुहुन्छ।

परापूर्वकालदेखि नै यस मन्दिरको पानी फ्याँकेर मात्रै शिवलिङ्गको दर्शन र पूजाअर्चना गराउने चलन रहेको छ। यसभित्रको पानी मोटर लगाएर पनि बाहिर फ्याँक्न सक्दैनन्। मानिसले बाल्टिनको प्रयोग गरी पानी फाल्न कोसिस गरे पनि एकै छिनमा पुनः भरिने गर्दछ। त्यसैले पटकपटक पानी फ्याँकेर भक्तजनको दर्शन गराउने गरिन्छ। यस पटक पनि महाशिवरात्रिमा भक्तजनलाई सहज तरिकाले दर्शन पूजा गराउनका लागि जिल्लामा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीय युवाहरुलाई परिचालन गरिएको अध्यक्ष साहले बताउनुभयो।

यस जलेश्वरनाथ महादेवको ख्याति महोत्तरी, धनुषा, सिरहा, सर्लाही, सिन्धुलीजस्ता छिमेकी जिल्लासहित भारतको पटना, दरभंगा, मुजफ्फरपुर, सीतामढी, मधुवनीलगायत सहरमा पनि रहेको छ। ती स्थानहरुबाट महाशिवरात्रिको दिन बाबा जलेश्वरनाथ महादेवको दर्शन तथा पूजाआजाका लागि ठूलो संख्यामा भक्तजन आउने गर्दछन्। यस वर्ष यस महाशिवरात्रिका अवसरमा बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन एवं पूजाअर्चना दुई लाख बढी भक्तजनले गर्ने अनुमान रहेको जलेश्वरनाथ महादेव महाशिवरात्रि महोत्सवका अध्यक्ष साहले बताउनुभयो।

जिल्लाकै सोनमा गाउँपालिका-७ मा अवस्थित बाबा मङ्गलनाथ, बर्दिबास नगरपालिका-५ मा अवस्थित बाबा टुटेश्वरनाथ र भङ्गहा नगरपालिका-५ मा अवस्थित बाबा सिद्धेश्वरनाथ महादेव मन्दिरमा पनि महाशिवरात्रि पूजाका लागि भव्य तयारी गरिएको छ। जिल्लाको चार कुनामा रहेका चार वटै महादेव पूर्व दक्षिण कुनामा जलेश्वरनाथ, पश्चिम दक्षिण कुनामा मङ्गलनाथ, उत्तर पश्चिम कुनामा टुटेश्वरनाथ र उत्तरपूर्व कुनामा सिद्धेश्वरनाथ महादेव मन्दिरमा महाशिवरात्रिमा भव्य रुपमा पूजा हुने गर्दछ। -रासस

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ठेक्का टुक्राएर उपभोक्ता समितिबाट काम गराउन अस्वीकार गर्दा प्रदेश सचिवको 'गैर कानुनी' सरुवा

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, बर्दिवास**



ठेक्का टुर्क्याउन अस्वीकार गर्दा सचिवलाई गैर कानुनी रूपमा सरुवा गर्ने मधेस प्रदेश सरकारविरुद्ध संघीय सरकारले कस्तो एक्सन लिन्छ ? कि फेरि पनि टुलुटुलु हेरेर बस्छ ? ऐन विपरीतका यस्ता कदमले कानुनी राज्यको उपहास कहिलेसम्म सहनुपर्ने ? संघीय सरकारको निर्णयलाई लत्त्याउँदै मुख्यमन्त्रीको स्वेच्छाचारी हस्तक्षेपले संघीयता नै कमजोर पार्ने खतरनाक प्रवृत्ति जन्माउँदै त छैन ?

जनकपुरधाम । पछिल्लो समय मधेस प्रदेशमा कर्मचारी जानै मान्दैनन्। जबरजस्ती पठाइहाले पनि कोही बस्न चाहँदैनन् । यसको प्रमुख कारण भनेकै कर्मचारीलाई कानूनविपरीत काम गर्न दबाब आउनु हो। इन्ट्रेष्ट समूहको चलखेल त छँदै थियो, स्वयं सरकारमा रहेका जनप्रतिनिधिहरू नै गैर कानुनी काम गर्न दबाब दिने गरेको कारण मधेशमा कोही कर्मचारी सहजै बस्न चाहँदैनन्। यसको पछिल्लो उदाहरण ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका प्रदेश सचिव इन्जिनियर जक्की अहमद अन्सारीको गैर कानुनी सरुवा हो ।

२०८१ वैशाख १४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खानेपानी मन्त्रालयका नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) सुपरिटेन्डेन्ट इन्जिनियर अन्सारीलाई मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा प्रदेश सचिवका रूपमा सरुवा गरेको थियो । यस प्रकारको सरुवा संघीय सरकारले मात्र गर्न सक्छ । सहसचिव अन्सारीको सरुवा पत्रमा तपाईंलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा ११ को उपदफा (२) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार सरुवा गरिएको छ, भन्ने उल्लेख छ ।

## कानूनविपरीत गरिएको सरुवा

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ११ को उपदफा (२) अनुसार प्रदेशको प्रमुख सचिव र प्रदेश मन्त्रालयको सचिव पदमा नेपाल सरकारले निजामती सेवाबाट कर्मचारी खटाउने स्पष्ट व्यवस्था छ। तर, मधेस प्रदेश सरकार (मन्त्रिपरिषद्) ले नेपाल सरकारको निर्णयलाई लत्त्याउँदै इन्जिनियरिङ सेवाको दरबन्दी नै नभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिव अन्सारीलाई सरुवा गरेको छ ।

२०८१ फागुन २ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेतलाई बोधार्थ दिइएको पत्रमा मधेस प्रदेश सरकार ( मन्त्रिपरिषद्) को मिति २०८१ फागुन १ गतेको निर्णयानुसार तपाईंलाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेशमा कामकाजमा खटाइएको छÃ + भन्ने उल्लेख गरिएको छ ।

नेपाल सरकारले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, मधेस प्रदेशका लागि तोकेरै सचिव सरुवा गरेको थियो। तर, पुनः सरुवा गर्न नेपाल सरकारले नै निर्णय गर्नुपर्नेमा प्रदेश सरकारले आङ्ग नै निर्णयमा सचिव अन्सारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउने निर्णय गर्‍यो, जुन स्पष्ट रूपमा कानुनी प्रक्रिया विपरीत छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवं प्रशासन महाशाखा प्रमुखसमेत रहेका जय कुमार घिमिरे पनि प्रदेश सरकारलाई संघीय सरकारको सहसचिवलाई सरुवा गर्ने कानुनी आधार नभएको स्विकार्दछन्। कानुनी केही छैन, सचिव घिमिरेले भने, पहिले पहिले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मन्त्रालय तोकेर पठाउँथ्यो, पछिल्लो लटमा एकमुष्ठ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरेको र प्रदेशभित्र मुख्यमन्त्री कार्यालयलयले नै खटाउने भन्ने अनुसार गरेको होला। सचिव घिमिरेले अतिरिक्त समूहमा राख्ने गरी भएको क्याबिनेट डिसिजनबाट भएको अन्सारीको सरुवा भएको बताए ।

सचिवको सरुवा कर्मचारी समायोजन ऐन,२०७५ विपरीत मात्र होइन, संघीय सरकारको निर्णयविरुद्ध पनि छ । सरुवामा संघीय सरकारबाटै खटिएका कायम मुकायम (कामु) प्रदेश प्रमुख सचिव मदन भुजेलसमेत गैर कानुनी सरुवा रोक्न नसकेको आरोप लागेको छ ।

संघीय सरकारका सहसचिवलाई प्रदेश सरकारले सरुवा गर्ने भन्ने कानुनी आधारबारे अनभिज्ञ रहेको कामु प्रदेश प्रमुख सचिव भुजेलले बताए । म पनि भरखरै आएको हो, सबै त थाहा भई सकेको छैन र अभ्यास पनि सबै थाहा भई सकेको छैन होला, बुझ्नै पर्छ भुजेल भन्छन् ।

संघीय सरकारको प्रतिनिधिका रूपमा खटिएका भुजेलले मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण गर्दै अवैधानिक निर्णयलाई सहयोग गरेका छन्। स्रोतका अनुसार, उनले कानुन मिचिएको थाहा हुँदाहुँदै पनि सरुवाको प्रक्रियालाई रोक्न कुनै पहल नगरी त्यसमा संलग्न भएका छन् ।

संघीय सरकारले मन्त्रालय नै तोकेर प्रदेशस्थित मन्त्रालय तथा निकायहरूमा सहसचिवहरूलाई पठाउँदै आएकोमा पछि प्रदेशलाई प्रशासनिक रूपमा पनि चलायमान र बलियो बनाउनका लागि संघबाट एकमुष्ठरुपमा सहसचिवहरूलाई प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाउन थालिएको थियो । जुन कुनै कानुनी आधारमा नभई अण्डरस्ट्याण्डिङका आधारमा थियो तर प्रदेशले सो बुझाइलाई बुझ पचाउँदै थप एक स्टेप माथि उक्लेर सरुवा नै गर्न थालेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता एकमुष्ठ रूपमा सहसचिवलाई प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनेबारे कुनै कानुन नभएको र सरकारले पनि त्यस्तो निर्णय नगरेको बताउँछन् । प्रदेशलाई बलियो बनाउँदै लैजाने भन्ने हिसाबले एक खालको अण्डरस्ट्याण्डिङमा एकमुष्ठ रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई दिने गरेको भन्दै मन्त्री गुप्ताले प्रदेशलाई सहसचिवको सरुवा गर्ने अधिकार नभएको पनि स्पष्ट पारे । 'एकमुष्ठ रूपमा पठाएका सहसचिवहरूको सरुवा गर्न उहाँहरू(प्रदेश) पाउनुहुन्न' मन्त्री गुप्ताले प्रशासनसँग भने ।

मधेस प्रदेशमा स्वीकृत संकल्प प्रस्तावको आधारमा स्वीकृत आयोजनाहरू टुर्क्याएर उपभोक्ता समितिमार्फत काम गराउने प्रवृत्ति मौलाउँदै गएको छ। तर, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) ले यस्तो टुर्क्याउने कामलाई प्रत्यक्ष रूपमा रोक लगाएको छ। प्रदेश सचिव अन्सारीले ऐनअनुसार ठूला योजनाहरू उपभोक्ता समितिमार्फत टुर्क्याएर सञ्चालन गर्न अस्वीकार गरेपछि उनको सरुवा गरिएको प्रष्ट छ ।

## संघीयता कमजोर बनाउने खतरनाक प्रवृत्ति

प्रदेश सरकारले सचिवलाई मन्त्रालयबाट हटाएर मुख्यमन्त्री कार्यालयमा खटाउने निर्णय गर्नु गलत नजिर बन्न सक्छ। यदि यो प्रवृत्ति कायम रह्यो भने प्रदेश मन्त्रीहरूसँग फरक मत राख्ने बित्तिकै प्रदेश सचिवलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तान्दै, निमित्त सचिवमार्फत मन्त्रालय चलाउने विकृति मौलाउँदै जानेछ ।

संघीयता बलियो बनाउन तीनै तहका सरकारहरूले कानुनी सीमाभित्र रहेर कार्य गर्नु आवश्यक छ। तर, यदि प्रदेश सरकारले संघीय सरकारको निर्णयलाई लत्त्याउँदै ऐन विपरीत यस्ता निर्णयहरू गरिरहने हो भने संघीयता नै कमजोर हुँदै जाने निश्चित छ ।

यदि प्रदेश सरकारलाई सचिव अन्सारी अस्वीकार्य थिए भने संघीय पदमा कार्यरत संघीय सहसचिव (प्रदेश सचिव) लाई संघीय सरकारसँग समन्वय गरी वैधानिक प्रक्रियाअनुसार उनको सरुवा गराउन सकिन्थ्यो। तर, संघीय ऐनको मर्म विपरीत प्रदेश सरकारले एकलौटी निर्णय लिई सचिवलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तान्ने प्रयास गर्‍यो, जसले भविष्यमा थप विवाद एवं विकृति सिर्जना गर्ने देखिन्छ ।

यदि प्रदेश सरकारले यस्तो अवैधानिक सरुवा गर्न सक्ने अधिकार राख्छ भन्ने बुझाई राखिरहने हो भने, भविष्यमा प्रदेशभित्रको कुनै जिल्लाको संघीय पदमा कार्यरत संघीय सहसचिव अर्थात् प्रमुख जिल्ला अधिकारी (प्रजिअ) लाई पनि यसरी नै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तान्ने प्रवृत्तिको विकास हुनेछ ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंह भने कामै नगरेपछि मुख्यमन्त्री कार्यालय तान्नु परेको बताउँछन् । पटक पटक बोलाएर काम राम्ररी गरिदिनु पर्‍यो भनेका थियौँ, मुख्यमन्त्री सिंहले प्रशासनसँग भने, उहाँ काम पनि नगर्ने, अफिस आउने बस्ने अनि हाजिर गरेर गई दिने । पटक पटक भन्दा पनि मार्ग प्रशस्त नगरिदिएपछि उहाँलाई मुख्यमन्त्री कार्यालय ल्याएका छौँ। आयोजना टुर्क्याउन नमानेकै कारण सरुवा गरेको भन्ने कुरा सत्य नभएको बताउँदै उनले परफरमेन्स नै देखाउन नसकेपछि सरुवा गर्नुपरेको मुख्यमन्त्री सिंहको जिकिर छ ।


जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र
नाक, कान तथा ३ाटीको रोग
प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# महाशिवरात्रि पर्वपूर्व जलेश्वरमा कलश शोभायात्रा




**खबर दर्पण समाचारदाता**
**फागुन १३ गते, बर्दिबास**

बुधबार हुने महाशिवरात्रि पर्वपूर्व मंगलबार बिहान जलेश्वरमा कलशयात्रा निकालिएको छ। नेपाली सेना र सशस्त्र प्रहरीको ब्यान्डसहित निकालिएको उक्त कलशयात्रामा सुरक्षा निकाय, स्थानीय तहका प्रतिनिधिका साथै विभिन्न विद्यालयका बालबालिकाहरूले सहभागिता जनाएका छन् ।

जलेश्वरनाथ महादेव मन्दिर परिसरबाट निकालिएको कलश शोभायात्राले नगर परिक्रमा गरेको हो । नगरप्रमुख सुरेश साह सोनार, प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी, सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेसहित विभिन्न सुरक्षा निकाय प्रमुख तथा प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र आमनागरिक कलगायतको उपस्थिति रहेको कलश शोभायात्रामा शिव नाटकसमेत प्रदर्शनी गरिएको हो । आज मध्यरातदेखि नै शिव गुफा दर्शनका लागि खुला रहनेछ ।

सोही दिन मनाइने सेना दिवसको अवसर पारेर जलेश्वरनाथ महादेव मन्दिर, मन्दिरपरिसर सोमबर सरसफाइ गरिएको थियो । जलेश्वर नगरपालिका, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, महाशिवरात्रि मेला आयोजना समिति, विद्यालयहरू तथा नागरिक समाज एवं विभिन्न संघसंस्था र निकायहरूको सहयोगमा मन्दिर र नगर लगायतका स्थलहरूको सर सफाइ गरिएको हो ।

परापूर्वकालदेखि नेपाली सेना तथा सशस्त्र प्रहरीको सहयोगमा शिवलिंग अवस्थित जलगुफाभित्रको जल बाल्टीले नै निकालेर शिवलिंगको प्रत्यक्ष दर्शन गराउने गरिएको छ । शिवरात्रिको दिन र हरेक महिनाको पहिलो र अन्तिम सोमबारबाहेकका दिनमा जलगुफाको जल निकाल्न वर्जित छ ।


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

### ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाइ, लाइटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"*

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१


# रिंकु सदा शंकास्पद मृत्यु प्रकरणमा पक्राउ परेका तीन जनामाथि ५ दिनको म्याद थप



**खबर दर्पण समाचारदाता**
**फागुन १३ गते, बर्दिबास**

सिरहा नवराजपुरकी रिंकु कुमारी सदाको शंकास्पद मृत्यु प्रकरणमा पक्राउ परेका तीन जनामाथि ५ दिनको म्याद थप भएको छ ।

नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदाको सामूहिक बलात्कार र शंकास्पद मृत्यु घटनामा पक्राउ परेका ३ जनालाई अनुसन्धानको लागि सोमबार सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरिएको हो ।

सिरहा प्रहरीले आइतबार यस घटनामा अनुसन्धानका लागि चार जनालाई पक्राउ गरेका थिए। तर, त्यसमध्ये एक जनाको संलग्नता नदेखिएपछि छाडिएको र स्थानीय चन्देश्वर मण्डल, रामविनोद मण्डल र कमलेश दासमाथि थप अनुसन्धानका लागि अदालतबाट पहिलोपटक पाँच दिनको म्याद थप गरि अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

बलात्कार घटना सार्वजनिक भएपछि गाउँमा पञ्चायती गरेर आर्थिक लेनदेन गरी मिलापत्र गराउने काममा उनीहरूको पनि संलग्नता प्रारम्भिक अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

तर, घटनाका मुख्य आरोपितहरू भने अझै फरार रहेको र पक्राउ पर्न सकेका छैनन् ।

घटना सार्वजनिक भएपछि प्रहरीले बलात्कारमा संलग्न तीन र पञ्चायती गरेर घटना गाउँमै मिलाउन खोज्ने पाँच गरी आठ जनाविरुद्ध पीडित परिवारबाट गत बिहीबार कर्तव्य ज्यान, शरीर बन्धक, जबर्जस्ती करणी र आत्महत्या दुरुत्साहनको पूरक जाहेरी लिएको थियो ।

# राराव क्याम्पसमा स्ववियू निर्वाचनका लागि निर्वाचन समिति गठन

**खबर दर्पण समाचारदाता**
**फागुन १३ गते, धनुषा**




रामस्वरुप रामसागर बहुमुखी क्याम्पस जनकपुरधाममा चैत १२ गते हुने स्वतन्त्र विद्यार्थी युनियनको चुनावका लागि निर्वाचन समिति गठन गरिएको छ । १३ सदस्यीय निर्वाचन समितिमा निर्वाचन अधिकृत उपप्रध्यापक धीरेन्द्रकुमार यादवलाई बनाइएको छ । सदस्य सचिवमा उपप्रध्यापक गुलजार राउत, सदस्यमा उपप्रध्यापक दिलिपकुमार राय, उपप्रध्यापक ज्ञानेन्द्रकमार मल्लिक, प्राध्यापक डा. संजयकुमार, उपप्रध्यापक भरतलाल कर्ण, उपप्रध्यापक धीरेन्द्रकुमार यादव, उपप्रध्यापक डा. रामलखन साह, शिक्षण सहायक जगन्नथ चौधरी, निमित लेखा अधिकृत देवेन्द्रकुमार साह, मु.प्रा.स.(कर्मचारी संघ सभापति) रामबाबु कुशियैत, प्रा.स. ज्ञानेन्द्रलाल कर्ण, प्रा.स. दिप्पुकुमार राय रहेका छन् ।


## सूचना । सूचना ॥ सूचना ॥।

'महाशिवरात्री तथा २६२ औं सेना दिवस-२०८१' को अवसरमा श्री मध्य पूर्वी पृतना हे.क्वा.द्धारा मधेश प्रदेश प्रमुखको प्रमुख आतिथ्यता तथा मुख्य मन्त्रीको विशिष्ट आतिथ्यतामा प्रदेश स्थित सरकारी गैरसरकारी कार्यालयका प्रमुखहरु, स्थानीय निकायका प्रमुखहरु तथा सर्वसाधारणहरुको उपस्थितिमा मिति २०८१। ११। १४ गते तपसिल अनुसारको कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रम | समय | कै. |
|---|---|---|---|
| १. | नि:शुल्क स्वास्थ्य शिविर संचालन | मिति २०८१।११।१४ गतेको ०८:०० बजेदेखि १६:०० बजेसम्म | |
| २. | फोटो प्रदर्शनी | मिति २०८१।११।१४ गतेको १०:०० बजेदेखि १६:०० बजेसम्म | |
| ३. | सैनिक कला तथा सांस्कृतिक कार्यक्रम | मिति २०८१।११।१४ गतेको १६:०० बजेदेखि १७:३० बजेसम्म | |

सेनानी
नि.गणपति


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,